# परावास्तविक समाजमा प्रचलित भाषा

- चन्द्रप्रकाश राई

नरबहादुर भण्डारी सरकारी महाविद्यालय

**सार**- कम्प्युटर र इन्टरनेटको प्रयोगद्वारा वास्तविकतालाई पर सारिने काम भएको छ जसलाई परावास्तविक भनिन्छ। परावास्तविकता सत्य नै हुन् तर ती प्रत्यक्ष हुँदैनन् वा देखिँदैनन्। आजको संसार परावास्तविक संसारका रूपमा बद्लिँदै गइरहेको देखिन्छ किनभने यहाँ हरेक कार्यको निष्पादन प्रत्यक्षमा भन्दा परोक्षमा अधिक हुने गर्छ। परोक्ष रूपमा गरिने कार्य सहज, सरल, सस्तो र छिटो पनि हुँदछ। यसैले परावास्तविक संसारमा मानिसहरूको भिड बढिरहेको देखिन्छ। परावास्तविक संसारमा प्रवेश गर्ने व्यक्तिहरूको समूहलाई परावास्तविक समुदाय वा परावास्तविक समाज भनिन्छ। ती समुदायका मानिसहरूले त्यहाँ गर्ने हरेक कार्य भाषाका माध्यमबाट सम्पन्न हुन्छ। उनीहरूले प्रस्तुत गर्ने अभिव्यक्ति बोली, लिखित, चित्रित रूपमा र चलचित्रद्वारा प्रकट हुन्छ। त्यसमा पनि अधिकतरले लेख्य भाषाद्वारा विचार प्रकट गर्ने गर्छन् वा एक अर्कामा सम्पर्कित हुन्छन्। परावास्तविक समाजका मानिसहरूले प्रयोग गर्ने लेख्य भाषाका विविध अवस्था र रूपलाई संक्षिप्त रूपमा हेर्ने प्रयास यस लेखमा गरिएको छ। साथै यस लेखमा परावास्तविक समाजले प्रयोग गर्ने भाषाको अध्ययनको लागि फेसबुक, व्हाट्सएप जस्ता सामाजिक सञ्जालमा प्रयुक्त भाषिक विनिमयलाई सन्दर्भको रूपमा प्रयोग गरिनेछ।

**बीज शब्द**- परावास्तविक, साइबर संस्कृति, साइबरस्पेस, कम्प्युटर, इन्टरनेट, सूचना क्रान्ति, भोट बर्मेली, वर्ण विन्यास, व्याकरण।

## १ परावास्तविकताको सैद्धान्तिक परिचय

इ सं १९८० का दशकदेखि विश्व परिवेश सूचना क्रान्तिको चपेटमा लपेटिएर अघि बढिरहेको देख्न पाइन्छ (शर्मा, इ सं २०१७, पृ-६२)। सूचना तकनिकीको विकास जुन गतिले अघि बढ्यो त्यसले वैश्विक मानचित्रलाई तीव्र रूपले परिवर्तन गरेको देखिन्छ। सूचना उत्पादन र वितरण प्रक्रियामा कम्प्युटरको उपस्थिति सबैभन्दा मुख्य रहेको देखिन्छ। कम्प्युटरसँग इन्टरनेट जोडिए पछि सूचनाको उत्पत्ति र वितरण अनगन्ती रूपमा प्रतिपादन भएको देख्न पाइन्छ। जुन सूचना वा जानकारी अस्सीका दशकभन्दा अघि न्यूनतम रूपमा उपलब्ध हुन्थ्यो। वर्तमानमा यसको बाढी नै चलेर आएको देखिन्छ (लेभी, इ सं २००१, पृ-xii)। कम्प्युटरको मध्यस्थतामा प्रवाह हुने सूचना वा सञ्चार सर्वसुलभ हुन्छ, अकल्पनीय हुन्छ। यी सामग्री कसैलाई सम्प्रेषण गर्न सहज, सस्तो र छिटो पनि हुन्छ। यी सामग्रीहरूलाई काट-छाँट गर्न, पुनः आकार प्रदान गर्न पनि सकिन्छ।

कम्प्युटर अनि इन्टरनेट र यससँग सम्बन्धित उपकरणहरूको प्रयोगबाट सञ्चालित हुने कार्य प्रणालीलाई साइबर संस्कृति भनिन्छ (अधिकारी, इ सं २०१७, पृ-४)। यसलाई 'कम्प्युटर मध्यस्थ सञ्चार' नामले पनि जानिन्छ। तसर्थ यसलाई कम्प्युटर संस्कृति पनि भनिन्छ। कम्प्युटर र इन्टरनेटको संयुक्त प्रयोगबाट सिर्जित संसारलाई परावास्तविक (भर्चुअल) संसार भनिन्छ। कम्प्युटरकृत कार्य वा इन्टरनेटबाट हुने कार्य वास्तविकदेखि पर रहेर वा परोक्ष रूपमा रहेर गरिन्छ। साइबर संस्कृति भनेको विद्युतीय माध्यमले संसारको स्वरूप बदल्न लागिरहेको वर्तमान

संस्कृति हो। तकनिकीय विकासका उपलब्धिमध्ये कम्प्युटर एउटा महत्वपूर्ण आविष्कार हो। साइबर संस्कृतिलाई अङ्कीकृत संस्कृति (डिजिटल संस्कृति) पनि भनिन्छ। सबै कार्यहरू अङ्क (डिजिट)का निर्देशनमा चल्ने हुनाले यसलाई अङ्कीकृत संस्कृति भनिएको हो। मानिसका जीवनलाई विद्युतीय प्रविधिले धेर प्रभावित पारेको हुनाले यसलाई प्रविधि संस्कृति भनिएको हो। साइबर संस्कृतिको स्थापना र विकास गराउने विविध अवधारणाहरूमध्ये प्रतिरूपण/अनुरूपण (सिमुलेसन) एउटा हो। यसलाई सिमुलेसन संस्कृति (अनुरूपण, प्रतिरूपण संस्कृति) पनि भनिन्छ (टर्कल, इ सं १९९५, पृ-४६)।

वर्तमान समयमा साइबरजनित वस्तुबाट टाढा रहने व्यक्ति विरलै हुन सक्छ। हरेक साधारण मानिसको दैनन्दिन जीवनमा यसको प्रयोग र प्रभाव गहिरो रूपमा बढेर गएको देखिन्छ। सेलुलर फोन र इन्टरनेटका प्रयोगले अझ मानिसलाई व्यस्त बनाइदिएको छ। अचेलका मानिसहरू बिहान उठ्ने बितिक्कै यसको प्रयोग गरेर आफ्नो दैनन्दिन कार्य प्रारम्भ गर्छन् र बेलुकी यसैको प्रयोग गरेर सुत्छन् (बेल, इ सं २०१८, पृ-३६)। साइबर मानिसका जीवनकै एउटा महत्त्वपूर्ण अङ्ग बनिसकेको छ।

## २ परावास्तविक वा साइबर समुदाय

परावास्तविक संसार वा साइबर अवकाशमा विचरण गर्ने व्यक्तिहरूलाई साइबर समुदाय वा परावास्तविक समाज भनिन्छ। यो समाज कम्प्युटर र इन्टरनेट प्रयोगकर्ताहरू मिलेर बनिएको हुन्छ। यसका निर्माणमा कुनै आधिकारिक दस्तावेजहरूको आवश्यकता पर्दैन। व्यक्तिगत चासो लिएर स्वतन्त्र विचारमा आधारित भई सिर्जना गरिएको यस समुदायको कुनै विशेष अभिप्राय रहेको हुँदैन। साइबर अवकाशमा उठबस गर्ने, जीवन बिताउने व्यक्तिहरूका समूहलाई साइबर समूदाय भनिन्छ। हवार्ड रोहिङ्गोल्ड **द भर्चुअल कम्म्युनिटी** नामक आफ्नो पुस्तकमा परावास्तविक समुदायबारे लेख्छन् –

> "परावास्तविक समुदायका मानिसहरूले पर्दामा शब्दहरू प्रयोग गरेर रमाइलो प्रयासहरू आदान प्रदान गर्छन् र तर्क गर्छन्, बौद्धिक विमर्शमा सङ्लग्न हुन्छन्, व्यवसाय सञ्चालन गर्छन्, ज्ञान आदान प्रदान गर्छन्, भावानात्मक समर्थन साझा गर्छन्, योजनाहरू बनाँउछन्, मन्थन, गफ गर्छन्, प्रेममा पर्छन्, साथीहरू खोज्छन् र तिनीहरूलाई हराउँछन्। खेलहरू खेल्छन्, प्रेम प्रणयमा पर्छन्, उच्च कलाहरू सिर्जना गर्छन्। परावास्तविक संसारका मानिसहरूले वास्तविक जीवनमा मानिसहरूले गर्ने सबै काम गर्छन् तर उनीहरूले आफ्ना शरीरलाई पछाडि छाडेका हुन्छन्। परावास्तविक संसारमा कसैले कसैलाई चुम्बन गर्न सक्दैन न त कसैलाई नाकमा मुक्का हान्न नै सक्दछ। ...यसबाट मनोचिकित्सा जस्ता कार्य पनि सम्पन्न हुन्छ" (रोहिङ्गोल्ड, इ सं १९९४, पृ-३-४)।

परावास्तविक समुदाय कम्प्युटरद्वारा मध्यस्थ गरिएको सामाजिक समूह र सञ्चारबाट सञ्चालित र नियन्त्रित हुन्छ। कम्प्युटर मध्यस्थ सञ्चारद्वारा गठित समुदायहरूलाई परावास्तविक समुदाय भनिन्छ (जोन्स्, इ सं १९९५, पृ १९)। 'कम्प्युटर मध्यस्थ सञ्चार' पदावलीको प्रथम प्रयोग जोसेफ वाल्थरको सामाजिक सूचना प्रशोधन सिद्धान्तमा भएको थियो (रेञ्च अनि अन्य, इ सं २०२४, पृ-१२)। पछि साइबर अवकाशका विचारक जोहन पेरी बार्लोले यसको विकास र प्रयोगलाई प्रसिद्ध बनाएर लगेको देखिन्छ। उनले सबै सञ्चार तथा सञ्जाल कम्प्युटरका

मध्यस्थताद्वारा परिचालित हुने हुनाले यसलाई कम्प्युटर मध्यस्थ सञ्चार भनेका हुन्। विद्युतीय सञ्चारको सर्वव्यापी प्रकृति कम्प्युटर मध्यस्थ सञ्चारमा प्रकट हुन्छ। यो अङ्ग्रेजी शब्द 'कम्प्युटर मेडियटेड कम्युनिकेसन'को रूपान्तरण हो।

साइबर समुदायलाई परावास्तविक समुदाय पनि भनिन्छ। न्यान्सी के ब्यामका विचारमा 'कम्प्युटर मध्यस्थ सञ्चारमा सम्मिलित रहनु वा त्यसमा आबद्ध रहनु भनेको साइबर समुदायमा प्रवेश गर्नु हो जसमा नयाँ आनन्द उपभोग गर्न पाइन्छ' (जोन्स, इ सं १९९५, पृ-१३८/१३९)। साइबर समुदाय ती मानिसहरूको समूह हो जुन कम्प्युटर वा अङ्कीकृत सञ्जालका मध्यस्थताद्वारा सञ्चालित र नियन्त्रित हुन्छ। समूहका सम्भागीहरू एकाअर्कामा शब्द र विचारहरू आदान प्रदान गर्छन् जसले वास्तविक समयमा एकाअर्कालाई प्रत्यक्षतः भेट्न पनि सक्छन् नभेट्न पनि सक्छन्। सान पी विल्बर जोड दिएर भन्छन्- "परावास्तविक समुदाय वास्तविक समुदायको एउटा विस्तार हो" (पोर्टर, इ सं १९९७, पृ ६-७)।

साइबर समुदाय कम्प्युटर मध्यस्थ सञ्चार वा इन्टरनेटद्वारा निर्मित सञ्जालबाट सञ्चालित हुन्छ। ती सञ्जालहरूमध्ये फेसबुक, समाचार समूह वा वाट्सएप, युट्युब, मेसेन्जर, ट्विटर, ब्लग, टिकटक आदि मुख्य मानिन्छन्। इन्टरनेटमा छिरेका व्यक्तिहरू स्वतन्त्र भएर एकअर्काबिच अन्तरक्रिया गर्छन्। यो स्वतन्त्रता उनीहरूमा यस कारण विद्यमान पाइन्छ कनभने उनीहरू साइबर स्पेसमा कुनै प्रामाणिक परिचय लिएर प्रवेश गरेका हुँदैनन् अर्थात् साइबर स्पेसमा परिचय निर्माण गर्दा कुनै वास्तविक परिचयको आवश्यकता पर्दैन। त्यहाँ धेरजसो छद्म नामहरूको प्रयोग गरिन्छ। छद्म नामको परिचयबाट छिरेका हुनाले उनीहरूलाई कुनै कुराको डर हुँदैन, कुनै कुराको बन्देज रहेको हुँदैन। उनीहरूमा इज्जत जाने डर रहँदैन। न्यान्सी के बेमका विचारमा "साइबर अवकाशका सहभागीहरूले जब अन्तर्क्रिया गर्न थाल्छन् त्यसबेला उनीहरू लोप हुन्छन् किनभने उनीहरूका लिङ्ग, जाति, धर्म, वर्ग, पद, वर्ण, शारीरिक उपस्थिति र सार्वजनिक पहिचानका अन्य सुविधाहरू हराइसकेका हुन्छन् (जोन्स, इ सं १९९५, पृ-१४०/१४१)।

साइबर समुदायभित्र रहने व्यक्तिहरू अधिकतर कथ्यभन्दा लेख्य माध्यमबाट सम्पर्कित हुन्छन्। मिसेल विल्सनले आफ्नो लामो अध्ययनपछि भनेका छन् – "साइबर अवकाशमा यसका प्रयोगकर्ताहरूले एकाअर्कामा भेट्न पाठ्य वा लेख्य सम्पर्क प्रयोग गर्छन् जसभित्र वर्णन, कार्य, स्थानहरूको चर्चा पाठ्यबाटै हुँदछ (बेल अनि बारबरा, इ सं २०२१, पृ-२१६; बेल, इ सं २०१८, पृ-११०)। साइबर अवकाशमा बाँच्ने समुदायहरू एकाअर्कासँग अन्तर्क्रिया गर्दा अधिकतर लेख्य भाषामा गर्ने गर्छन्। यद्यपि ती भाषाहरू व्याकरणिक दृष्टिकोणले शुद्ध रहेको देखिन्न। त्यहाँ प्रयुक्त भाषाहरू मिश्रित हुन्छन् र कोडयुक्त हुन्छन्।

परावास्तविक समाजमा व्यक्तिलाई सबै कार्यहरू सम्पन्न गर्ने स्वतन्त्रता प्राप्त भएकाले भाषिक प्रयोगमा पनि कुनै मापदण्ड रहेको देखिन्न। यसै हुनाले यहाँ प्रयोग हुने भाषा सैद्धान्तिक वा व्याकरणिक शुद्धतामा आधारित नभएर व्यावहारिक वा कामचलाउ भाषाका रूपमा प्रयुक्त हुने गरेको देखिन्छ। इन्टरनेट प्रयोगकर्ताहरू भाषिक स्तरीयतालाई नहेरेर आफ्नो कार्य सम्पन्न गराउन तर्फ उन्मुख रहेको देखिन्छ। तीमध्ये व्याकरणिक आधारमा स्पष्टै रूपमा देखिन आउने केही अशुद्धता केलाएर हेर्ने प्रयास यस लेखमा गरिन्छ। भाषिक विनिमयका क्रममा व्याकरणिक अशुद्धता विद्यमान हुनु सामान्य कुरो हो। त्यसमा बोलचालका भाषामा देखा पर्ने अशुद्धताको त्यति ख्याल गरिँदैन तर लेख्य भाषामा देखिन आएका भूल कमजोरीहरूले निकै प्रभाव पार्ने गरेको देखिन्छ। परावास्तविक समाजका

वासिन्दाहरूले अधिकभन्दा अधिक रूपमा सम्पर्कित हुन लेख्य भाषा प्रयोग गर्ने हुनाले उनीहरूद्वारा प्रयुक्त भाषाका विविध रूप र व्याकरणिक पक्षलाई संक्षिप्त रूपमा हेर्ने प्रयास यहाँ गरिन्छ। ती यस प्रकार छन्-

क) लिङग, वचन अनि वाच्य प्रयोगमा असङ्गति
ख) 'र'-का उपलेखिमहरूको प्रयोगमा अनभिज्ञता
ग) अङ्ग्रेजी शब्दहरूको अधिक प्रयोग
घ) भाषा प्रयोगमा ध्वनि परिवर्तन प्रक्रिया
ङ) कुट मिश्रण र कुट परिवर्तन
च) संक्षेपाक्षरहरूको प्रयोग
छ) चित्रात्मक भाषाको प्रयोग
ज) लिपि विग्रहको अवस्था
झ) भाषामा भोट-बर्मेली लवजको प्रयोग

### क. लिडग, वचन अनि वाच्य प्रयोगमा असङ्गति

लिङग, वचन र वाच्य प्रयोगमा परावास्तविक समाजका नागरिकहरू हेल्चेक्र्याइँ गर्दछन्। उनीहरूले आफ्ना अभिव्यक्ति दिने क्रममा लिङ्ग प्रयोगमा ध्यान दिएको देखिन्न। उदाहरणार्थ- 'आमाले भन्दै थियो यसपालि नआउनु गरे', 'त्यो बैनीले यही दोकानबाट सामान किनेर लग्यो' यी दुईवटा वाक्यमा बोल्ने व्यक्ति पुलिङ्ग र स्त्रीलिङ्ग छुट्ट्याउन अक्षम रहेको देख्न पाइन्छ। ती वाक्यमा रहेका 'थिई'का ठाउँमा 'थियो' प्रयोग गरिएको देख्न पाइन्छ। त्यस्तै अर्को वाक्यमा 'लगिन्' स्त्रीलिङ्ग लेखिनु पर्ने ठाउँमा 'लग्यो' पुलिङ्ग शब्द प्रयोग गरिएको देखिन्छ। आफ्नो अभिव्यक्ति सम्प्रेषण गर्ने क्रममा वचन प्रयोगमा पनि इन्टरनेट प्रयोगकर्ताहरूले प्रायः हेल्चेक्र्याइँ गरेको देख्न पाइन्छ। वाक्य गठनमा एकवचनका ठाउँमा बहुवचन वा बहुवचनका ठाउँमा एक वचन प्रयोग गर्ने गरेको देख्न पाइन्छ। उदाहरणार्थ- 'उनीहरूले भनेका ठाँउमा ती थिए।' अर्को उदाहरण - 'हर्क साम्पाङका श्रमदान संस्कृतिलाई देशविदेशका मानिसहरूले मन पराइरहेको छ।' पहिलो वाक्यमा 'भनेका' लेख्नु पर्ने ठाउँमा 'भनेको' प्रयोग गरिएको छ। दोस्रो वाक्यमा 'साम्पाङको' हुनु पर्नेमा 'साम्पाङ्का' लेखेर एकवचनका ठाउँमा बहुवचन प्रयोग गरिएको देख्न पाइन्छ ।

वाच्य गठनमा पनि इन्टरनेट प्रयोगकर्ताहरू सचेत देखिँदैनन्। उनीहरूले कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य कुन कुन बेला प्रयोग हुन्छन् त्यसको वास्ता नराखी वाच्य निर्माण गर्छन्। उदाहरण- 'मान्छेले मान्छेलाई कुटिन्छ।' यहाँ कर्तृवाच्यका ठाउँमा कर्मवाच्यको प्रयोग भएको देखिन्छ। 'कुट्छ'-का ठाउँमा 'कुटिन्छ' कर्मवाच्य प्रयोग भएको देखिन्छ।

### ख. परेली 'र'-को प्रयोगमा अनभिज्ञता

परेली 'र'-लाई रेफकै रूपमा प्रयोग गरिन्छ जस्तै- 'गऱ्यो'-का ठाउँमा 'गर्यो', 'पऱ्यो'-का ठाउँमा 'पर्यो', 'मऱ्यो'-का ठाउँमा 'मर्यो' लेखिएको पाइन्छ। साइबर समुदायका मानिसहरू शिक्षित, अर्धशिक्षित र अशिक्षित सबै तहका हुन्छन्। शब्दमा हुने पद योग र पद वियोगका नियम अर्थात् वाक्य गठन गरिरहँदा कारकका विभक्ति प्रयोगमा

पनि सचेत देखिँदैन, जस्तै- 'हाम्रो गाँउ मा हिजो देखि बत्ती छैन', 'तपाँई हरू को गाँउमा कन्टिन्यु छ रैछ नी', 'तपाई लाई यस सफलता को लागि हार्दिक बधाइ छ'। पहिलो वाक्यमा अधिकरण र अपादान कारकमा हुने विभक्ति प्रयोगमा त्रुटि देख्न पाइन्छ। 'गाउँमा' हुनु पर्ने तर 'गाउँ मा' अनि 'हिजोदेखि' हुनु पर्नेमा 'हिजो देखि' अलग अलग लेखिएको देख्न पाइन्छ। त्यसरी नै दोस्रो वाक्यमा सम्बन्ध पदको प्रयोगमा अनियमितता देख्न पाइन्छ- 'तपाईँहरूको' हुनु पर्ने ठाउँमा 'तपाई हरू को' छुट्टयाएर लेखिने गरिन्छ। तेस्रो वाक्यमा कर्म कारकको विभक्ति प्रयोगमा त्रुटि भएको देख्न पाइन्छ जसमा 'तपाईँलाई' हुनु पर्नेमा 'तपाई लाई' छुट्ट्याएर प्रयोग गरिएको देखिन्छ।

### ग. अङ्ग्रेजी शब्दहरूको अधिक प्रयोग

अङ्ग्रेजी भाषाको प्रभाव सबै वर्ग (शिक्षित, अर्धशिक्षित र अशिक्षित)-मा समान रूपले भएको देखिन्छ। यसै हुनाले मानिसहरूका बोलीमा अङ्ग्रेजी शब्दहरू प्रायः प्रयोग भएको देख्न पाइन्छ। ती मानिसहरूमध्ये धेरैजसो वक्ताहरू परावास्तविक संसारमा प्रवेश गरे पछि मिश्रित भाषा प्रयोग गर्दछन्। परावास्तविक संसार वास्तविक जगत्जस्तै लाग्ने हुन्छ। यो अलौकिक संसार होइन र काल्पनिक संसार पनि होइन। परावास्तविक संसारमा मानिसहरूले वास्तविक संसारमा झैँ सुख-दुःख, पिर-व्यथा, हर्ष-अमर्ष आदि अनुभव गर्न सक्छन्। उनीहरूले वास्तविक संसारमा जसरी सहज रूपमा कुराकानी गर्दा अङ्ग्रेजी मिसाउँछन् त्यसरी नै परावास्तविक संसारमा पनि मिश्रित भाषा बोल्छन्, जस्तै- "सम्पूर्णलाई यस प्रोग्राममा हार्दिक वेलकम गर्दछौँ। प्रोग्रामका विशेष अट्र्याक्सन यस्तो छ- स्पोर्ट्स, सांस्कृतिक कार्यक्रम, स्किट्स, हास्य कला पर्फर्मेन्स हुनेछ। यसैले हामी सबैलाई  इन्वाइट गर्न चहान्छौँ कि त्यस प्रोग्राममा अटेन्ड भई भरपुर इन्जोइ गर्नु होस्।" यस अनुच्छेदमा कथकले आफ्नो सुविधा अनुरूपको भाषा प्रयोग गरेका छन् जुन वाक्य गठनका क्रममा सजिलै आउन सक्छन् चाहे ती नेपाली शब्द होउन् वा अङ्ग्रेजी शब्द, ती सहज रूपमै प्रयोग गर्छन्। उनीहरूलाई भाषिक शुद्धताप्रति कुनै चासो रहेको देखिँदैन अर्थात् उनीहरू आफ्नो भनाइ राख्न मात्र ध्यान केन्द्रित गर्छन्। वाक्य गठनका क्रममा दैनन्दिन रूपमा प्रयोग हुने शब्दहरू प्रयोग गरिएको देखिन्छ।

### घ. भाषा प्रयोगमा ध्वनिको परिवर्तन प्रक्रिया

परावास्तविक समाजमा साधारण रूपमा बोलिने भाषाका शब्दहरूमा ध्वनि परिवर्तन भइरहेको हुन्छ तर तिनको वास्ता गरिएको हुँदैन। त्यस्ता परिवर्तनलाई साहित्यिक कृतिहरूमा पात्र-पात्राहरूको मौलिक बोलीका रूपमा स्वीकार गरिन्छ तर तिनलाई लेख्य भाषाको मानक रूप भने मान्न सकिँदैन। ध्वनि परिवर्तनका धेरै प्रक्रियाहरू छन्- लोप, आगम, विपर्यास, आवृत्ति, घोषत्व, प्राणत्व, समीभवन आदि (खरेल,  इ सं  २०१४, पृ- ५८)। परावास्तविक संसारमा यसका प्रयोगकर्ताहरूले साधारण बोलीमा हुने परिवर्तित ध्वनियुक्त भाषाको सहज रूपमा प्रयोग गर्छन्। उनीहरूले वाक्य गठनका क्रममा ध्वनि लोप हुने शब्दहरू अचेत रूपमा प्रयोग गरिरहेका हुन्छन्, जस्तै- बैनी (बहिनी), उनेरु/ उनारु  (उनीहरू), दुइटा (दुईवटा), अन्तेष्टि (अन्त्येष्टि), सायाता (सहायता), बिहा (विवाह), उनार्ले (उनीहरूले), तिनार्ले (तिनीहरूले) आदि देखिन्छ। ध्वनि आगम हुने शब्दहरू यस प्रकार छन्- इस्कुल (स्कुल), सुक्ख-दुक्ख (सुख-दुःख), उताई (उता), सम्मन (सम्म) आदि।

शब्दमा ध्वनिको स्थान परिवर्तन हुने विपर्यासको प्रक्रिया तिनमा असचेत रूपमा भइरहेको देख्न पाइन्छ। जस्तै- कडोर (करोड), बिरामी (बिमारी), चिन्ह (चिह्न) आदि। त्यसरी नै कुनै शब्दलाई अधिक बल दिएर बोल्दा ध्वनि आवृत्ति हुने अवस्था देखिन्छ। यस प्रकारको ध्वनि परिवर्तन प्रक्रियालाई इन्टरनेटका प्रयोगकर्ताहरूले सहज रूपमा स्विकारेको देखिन्छ, जस्तै- अच्चाहिन्दो (अचाहिँदो), सुख्खा (सुखा), चिस्सो (चिसो), तात्तो (तातो), बाट्टो (बाटो), रात्तो (रातो) आदि। त्यसरी नै घोषत्व अनि प्राणत्वजस्ता ध्वनि परिवर्तन प्रक्रिया उनीहरूका भाषामा प्रयोग भइरहेका हुन्छन्, जस्तै- सरखार (सरकार), बुधाङ (बुदाङ) जस्ता अल्पप्राणीभवन भएका शब्दहरू प्रयोग गर्छन्। महाप्राण र अल्पप्राण ध्वनिबिच परिवर्तन हुने अवस्थालाई उनीहरू त्यति ध्यान दिँदैनन्। महाप्राणीभवनको उदाहरण - बुज्नु (बुझ्नु), ढाडस (ढाढस), स्तानीय (स्थानीय) आदि। बोलीमा प्रयोग गरिने कुनै ध्वनि बलियो हुन्छ भने कुनै कमजोर हुन्छ र ती कमजोर ध्वनिलाई बलियो ध्वनिले प्रभावित पारेर आफूसरहको ध्वनि उत्पन्न गर्छ, त्यसलाई समीभवन प्रक्रिया भनिन्छ। यस प्रकारको प्रयोग साइबर समुदायभित्र सहजतासँग हुने गरेको देखिन्छ। उदाहरण - सत्ते (सत्य), कन्ने (कन्या), प्रित्ति (प्रीति) आदि।

परावास्तविक समाजका व्यक्तिहरूले वाक्य निर्माणका क्रममा शब्दभित्र रहेका कतिपय ध्वनिहरू परिवर्तन भइरहेको अवस्थाप्रति त्यति ध्यान दिँदैनन्। व्याकरणिक दृष्टिकोणले ती शब्दमा भइरहेका ध्वनि परिवर्तन अशुद्ध ठहरिन्छ तापनि यस प्रकारका प्रयोगको निरन्तरता परावास्तविक समाजमा भइरहन्छ। उदाहरणार्थ - इनी (यिनी), कहिलेइ (कहिल्यै), भनियेको (भनिएको), गये (गए), ग्यान (ज्ञान), यकदम (एकदम), यौटा (एउटा), कन्ने (कन्या), सन्सार (संसार), संचार (सञ्चार), संपादक (सम्पादक), रिषि (ऋषि) इत्यादि। यहाँ उनीहरू 'य' वर्णका प्रयोगमा अधिकतर भ्रमित भएको देख्न पाइन्छ। कहीँ 'य'का ठाउँमा 'इ' प्रयोग गर्छन् भने कहीँ 'ए'का ठाउँमा 'य'को प्रयोग गर्छन्। अनुस्वर (ं) लाई 'न' 'ण' 'ञ'का ठाउँमा प्रयोग गरेर काम चलाउछन्।

### ङ. कुट मिश्रण र कुट परिवर्तन

वर्तमान समाजमा बाँचिरहेका मानिसहरू एउटै भाषा मात्र बोल्न सक्दैनन्। आफ्नो अभिव्यक्ति दिने क्रममा उनीहरूले विविध भाषाका शब्दहरू मिश्रण गरेर वा भाषा परिवर्तन गरेर आफ्नो भनाइ पुरा गरिरहेका हुन्छन्। यस प्रकारका विशेषतालाई कुट मिश्रण (कोड मिक्सिङ) र कुट परिवर्तन (कोड सिफ्टिङ) भनिन्छ। जब वक्ताले बोल्ने क्रममा आवश्यकताअनुसार अन्य भाषाका शब्द प्रयोग गर्छन् त्यसलाई कुट मिश्रण भनिन्छ। त्यसरी नै वक्ताले बोल्ने क्रममा पूर्ण रूपले अन्य भाषा प्रयोग गरी वाक्य पुरा गर्दा त्यो कुट परिवर्तन हुन्छ (प्रसाद, इ सं २०२३)। परावास्तविक समाजका सदस्यहरूले आफ्नो अभिव्यक्ति आदान प्रदान गर्ने क्रममा कुट मिश्रण र कुट परिवर्तन गर्छन्। उदाहरणार्थ – "मलाई साह्रै प्रब्लम भयो र यो युस गरेको हो। यस माम्लामा हि इस इन्नोसेन्ट" पहिलो उदाहरणमा वक्ताले दुईवटा अङ्ग्रेजी शब्दहरू- 'प्रब्लम' र 'युस' मिश्रण गरेर वाक्य पुरा गरेको देखिन्छ। त्यसरी नै दोस्रो वाक्यमा वक्ताले भाषा नै परिवर्तन गरेको देखिन्छ, त्यसैले यहाँ कुट परिवर्तन भएको देख्न पाइन्छ।

### च. संक्षेपाक्षरहरूको प्रयोग

परावास्तविक समाजले प्रयोग गर्ने भाषामा संक्षेपाक्षरको प्रयोग प्रशस्त मात्रामा देख्न सकिन्छ। प्रयोगकर्ताहरूले समयको बचत गर्न र छिटो सम्प्रेषण गर्न संक्षेपाक्षरको प्रयोग गर्छन्। संक्षेपाक्षरद्वारा वाक्यलाई घटाएर

छोटो रूप दिइएको हुन्छ। यसमा वाक्यभित्र रहेका प्रत्येक शब्दहरूको पहिलो अक्षरलाई एकै ठाउँमा भेला गरेर लेखिन्छ, जस्तै- 'म तिमीलाई माया गर्छु'लाई 'मतिमाग' लेखिन्छ। अङ्ग्रेजीमा 'थ्याङ्क यु सो मच'लाई टिवाइएसएम लेखिन्छ। यस्तो संक्षेपाक्षरको प्रयोग प्रायः आत्मीय जन वा नजिकका व्यक्तिहरूबिच हुने गरेको देखिन्छ। यसका प्रयोगले समयको बचत हुने गर्छ जसका परिणाममा इन्टरनेटको खर्चमा पनि बचत हुने देखिन्छ।

### छ. चित्रात्मक भाषाको प्रयोग

परावास्तविक समुदायका मानिसहरूले आफ्नो विचार आदान प्रदान वा अभिव्यक्त गर्नाका लागि चित्रात्मक भाषाको पनि प्रयोग गर्छन् जसलाई इमोजी भनिन्छ। सञ्चार विनिमयका लागि चित्रात्मक भाषाको निकै महत्त्व रहेको देखिन्छ। चित्रमा नक्सा मात्रै देखिँदैन तर यसमा समाज र मानिसहरूबिचको सामाजिक सम्बन्ध देख्न सकिन्छ। आजका मानिसहरू चित्रबाट आफ्नो भाव वा विचार प्रकट गर्न अभ्यस्त भइसकेका छन् र चित्रका माध्यमबाट संसारलाई हेर्न सहज ठानिन्छ (चतुर्वेदी, इ सं २०१४, पृ-१९-२०)। कतिपय विचारहरू अभिव्यक्त गर्न धेरै लेख्नु पर्ने हुन्छ वा सोचे जस्तो व्यक्त गर्न सकिँदैन। यस्ता अवस्थामा चित्रात्मक भाषाबाट ती सफलपूर्वक प्रकट हुने गर्दछन्। एउटा चित्रले एक हजारभन्दा अधिक शब्दहरूले प्रकट गर्ने विचार अभिव्यक्त गर्न सक्छ (रोगर्स, इ सं १९८५)। शब्दद्वारा वर्णन गर्नुभन्दा चित्र देखाउनु धेरै सजिलो हुन्छ, उदाहरणार्थ केही इमोजी हेर्न सकिन्छ-


चित्र १


चित्र २


चित्र ३


चित्र ४


चित्र ५

माथि देखाइएको पहिलो चित्रले कुनै कार्य सफल हुन सकोस् भन्ने कामना व्यक्त गर्छ। यसले कुनै कार्य सफल भएकामा समर्थन पनि जनाउँछ। दोस्रो चित्रले दिनको आरम्भ वा बिहानी समयको अविभादनलाई सङ्केत गर्छ। तेस्रो चित्रले अविभादन बुझाउँछ साथै कसैसँग विन्ती गरिरहेको सङ्केत दिन्छ। चौथो चित्रले कोही व्यक्ति सफल भएकामा खुसी वा बधाइका भाव व्यक्त गरिएको अवस्था बुझाउँछ। पाचौँ चित्रमा राष्ट्रियता वा देशभक्तिको भावना प्रकट गरिएको देखाउँछ। यसरी नै परावास्तवकि संसारमा विचरण गर्ने यसका सदस्यहरूले अन्य कैयौँ चित्रहरू प्रयोग गर्ने गर्छन्।

### ज. लिप्यन्तरण

परावास्तविक समुदायका मानिसहरूले सञ्चार गर्ने क्रममा सहजताका लागि लिप्यन्तरणको योग गर्छन्। तीमध्ये रोमन लिपिको प्रयोग पनि एउटा हो। रोमन लिपिमा नेपाली, हिन्दी र अन्य भाषाको अनि देवनागरी लिपिमा अङ्ग्रेजी भाषाको प्रयोग गर्ने गरेको देखिन्छ, जस्तै- 'aaja sadak bandha cha bholi maatrai kholincha arey.' अर्को उदाहरण - 'Herda herdai simsar khola bagar vitra paryatak haruko agaman ley sundarta xauna thalyo'. त्यसरी नै देवनागरी लिपिमा अङ्ग्रेजी भाषा लेखिएको देखिन्छ- 'आइ वान्ट टु सी यु टुमारो' इत्यादि।

### झ. भाषामा भोट-बर्मेली लवजको प्रयोग

फेसबुक, वाट्सएप, ब्लग आदिमा नेपाली प्रयोगकर्ताहरूले प्रयोग गर्ने भाषामा भोटबर्मेली लवजको प्रयोग पनि निकै प्रचलित भएको देखिन्छ। भोटबर्मेली भाषाका विविध विशेषताहरूमध्ये अनुनासिक वा नाके स्वर ध्वनिको उच्चारण पनि एउटा हो जुन लवजलाई नेपालीमा रूपान्तरण गरी प्रयोग गरिएको देख्न पाइन्छ, जस्तै- गर्दैनौँ – गर्दुङन, जाँदैनौँ – जाँदुङ्न, गरिदिउँ - गर्दिम्, गरौँ – गरुम्, हेरौँ – हेरुम्, भेटौँ – भेटुम् आदि। उदाहरणका रूपमा निम्न वाक्यहरू हेर्न सकिन्छ – "यो खालको काम हामी त गर्दुङन है, गर्ने भा गर्दिम्", "अर्को दसैँमा भेटुम् ल" आदि। यी वाक्यहरू विशेषतः समाजमा प्रचलित बोलीहरूमा प्रयोग गरिएको देख्न पाइन्छ। पहिलो वाक्यमा 'गर्दैनौँ' लेख्नु पर्नेमा 'गर्दुङ्न' प्रयोग भएको देख्न पाइन्छ। त्यसरी नै दोस्रो वाक्यमा 'गरिदिउँ' हुनु पर्नेमा 'गर्दिम्' शब्द प्रयोग भएको देख्न पाइन्छ। त्यसरी नै तेस्रो वाक्यमा 'भेटौँ'को साटो 'भेटुम्' प्रयोग गरिएको देख्न पाइन्छ।

साधारण बोलचालमा मानिसहरू भाषाको वर्ण विन्यास व्यवस्थापनमा सचेत रहेको देखिन्न त्यसमा पनि भोट बर्मेली भाषा परिवारभित्र पर्ने वक्ताहरूको सङ्ख्या अधिक देखिन्छ। यसको नमुना परावास्तविक संसारमा रहेका उनीहरूका लेख्य भाषामा राम्ररी देख्न पाइन्छ। शब्द रूपायनका नियमहरूमध्ये पदान्त- अकारान्त, ओकारान्त, आकारान्त आदिको प्रयोगमा सचेत रहेको देखिँदैन। उनीहरूले यी वर्णविन्यासलाई अचेत रूपमा आफ्नै बोली वा लवजमा प्रयोग गर्छन्। उनीहरूले शब्द निर्माण गर्ने क्रममा अकारान्तका ठाउँमा ओकारान्त र आकारान्त नियम प्रयोग गरिरहेका हुन्छन्, त्यसरी नै आकारान्तका ठाउँमा अकारान्त नियम प्रयोग गरिरहेका हुन्छन्, जस्तै- मो (म), अन्ता (अन्त), गर्छा (गर्छ), आघि (अघि), भन्द (भन्दा), अकाश (आकाश) आदि प्रयोग गर्छन्। त्यसरी नै 'भन्न' लेखिने ठाँउमा 'भन्नु', 'गर्न' का ठाउँमा 'गर्नु' प्रयोग गरिरहेका हुन्छन्।

## ३ निष्कर्ष

सूचनात्मक क्रान्तिले वर्तमान समाजको जुन संरचना स्थापित गऱ्यो त्यसमा कम्प्युटर र इन्टरनेटको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। कम्प्युटर र इन्टरनेटका प्रयोगबाट सबै कार्यहरू निष्पादन हुने भए पछि यसले एउटा नयाँ संस्कृतिलाई जन्म दियो जसलाई साइबर संस्कृति भनेर चिनिन्छ। साइबर संस्कृतिबाट प्रभावित वर्तमान समाजका मानिसहरूको जीवन र उनीहरूद्वारा सम्पादित कार्यकलाप तथा अन्तर्सम्बन्धहरूका विविध पक्षहरू छन् जस्तै- सामाजिक पक्ष, राजनीतिक पक्ष, अर्थनीतिक पक्ष, भाषिक पक्ष इत्यादि। तीमध्ये भाषिक पक्षलाई संक्षिप्त रूपमा हेर्ने प्रयास गरिएको छ।

परावास्तविक समाजमा प्रयोग गरिने लेख्य भाषाको अवस्था त्यति सन्तोषजनक रहेको देखिन्न। परावास्तविक वा साइबर संसारमा विचरण गर्ने व्यक्तिहरू स्वतन्त्र र खुल्ला रूपमा बाँच्ने समूह भएकाले उनीहरूलाई भाषिक प्रयोगमा पनि कुनै बन्धन देखिन्न वा व्याकरणिक शुद्धता पालना गर्नु पर्ने नियम रहेको देखिन्न। यसैले उनीहरू भाषाका व्याकरणिक नियम नहेरी आफ्ना विचार सम्प्रेषण गर्न बढी केन्द्रित रहेको देखिन्छ। यसैले विचारलाई मात्रै अभिव्यक्ति दिने अवस्था देखिने हुनाले अभिव्यक्ति वा भाषाका विविध रूपहरू परावास्तविक संसारमा विकसित भएको देख्न पाइन्छ। भाषा तिनका प्रयोगमा जीवित रहन्छ वा विकास हुन्छ भन्ने विशेषताका आधारमा हेर्दा परावास्तविक समाजमा प्रयुक्त भाषाले कुनै पनि भाषालाई बचाएर राखेको देखिन्छ। यसलाई सकारात्मक पक्षका

रूपमा हेर्न सकिन्छ। चाहे शिक्षित होस् वा अर्ध शिक्षित उनीहरूले आफ्नो विचार प्रस्तुत गर्दा लेख्य भाषालाई अधिक महत्त्व दिन्छन् जुन व्याकरणका कसीमा राखेर हेर्दा अशुद्ध देखिन्छ। अशुद्ध रूपमा वा अचेत रूपमा प्रयोग गरिएको भाषा भए पनि परावास्तविक समुदायले भाषा संरक्षण र प्रवर्द्धन गर्न ठुलो भूमिका वहन गरेको देखिन्छ।

## सन्दर्भ


अधिकारी ज्ञानु, इ सं २०१७, **साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना**, काठमाडौँ, साझा प्रकाशन

खरेल दशरथ, इ सं २०१४, **परिचयात्मक भाषाविज्ञान र नेपाली भाषा**, ...., नेपाली साहित्य प्रकाशिनी समितिका पक्षमा लेखक स्वयम्

चतुर्वेदी जगदीश्वर, इ सं २०१४, **डिजिटल क्यापिटलिज्म फेसबुक संस्कृति और मानवाधिकार**, नयाँ दिल्ली, अनामिका पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स (प्रा) लिमिटेड

नेपाल घनश्याम अनि कविता लामा, इ सं २००६, **उच्च माध्यमिक नेपाली व्याकरण र रचना**, सिलगडी, एकता बुक हाउस प्रा लि

प्रधान राजनारायण, इ सं १९९९, **सरल नेपाली व्याकरण र रचना**, तादोङ गान्तोक, मेसर्स प्रिन्टेड

प्रसाद धनजी, इ सं २०२३, 'भाषा और कोड', http://lgandlt.blogspot.com/2017/08/language-and-code.html?m=1

शर्मा, मोहनराज, इ सं २०२१, **समालोचनाको कोण**, काठमाडौँ, ओरिएन्टल पब्लिकेसन हाउस

Bell David, 2018, **An Introduction to Cyber Culture**, New York, Routledge

Bell David and Barbara M. Kennedy (ed.), 2021, **The Cyber Cultures Reader** Second edition, New York, Routledge

Jones Steven G (Ed.), 1995, **Cyber Society: Computer Mediated Communication and Community**, New Delhi, Sage publications India Pvt. Ltd.

Jordan Tim, 1999, **Cyber Power: The Culture and Politics of Cyberspace and the Internet,** London, Routledge

Levy Pierre, 2001, **Cyberculture**, Minneapolis, University of Minnesota Press

Porter David, 1997, **Internet Culture**, New York, Routledge

Rheingold Howard, 1994, **The Virtual Community: Homesteading on the Electronic Frontier**, New York, Harper Perennial

Turkle Sherry, 1997, **Life on the Screen Identity in the Age of the Internet**, Touchstone New York, Rockefeller Centre

Wrench Jason S., Narissra M. Punyanunt-Carter & Katherine S. Thweat, 'Theories of Computer-Mediated Communication', https://socialsci.libretexts.org/Bookshelves/Communication/Interpersonal_Communication/Interpersonal_Communication_-

_A_Mindful_Approach_to_Relationships_(Wrench_et_al.)/12%3A_Interpersonal_Communication_in_Mediated_Contexts/12.04%3A_Theories_of_Computer-Mediated_Communication

Rogers James, **The Dictionary of Clichés**

https://en.wikipedia.org/wiki/A_picture_is_worth_a_thousand_words